# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१.नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.-१, सुनसरी, नेपाल स्था. २०७३

प.सं. ०७४/०७५
च.नं. ४५६२

मिति २०७५/०१/२६

## प्रेस विज्ञप्ति

सम्वत् २०७५ साल बैशाख २६ गते दिनको अन्दाजी १२:३० बजे इटहरी उप महानगरपालिकाका प्रमुख श्री द्वारिकलाल चौधरीज्यू आफ्नो कार्यकक्षमा कार्यसम्पादन गरिरहेको अवस्थामा खेति पैनी बचाउ संघर्ष समिति इटहरीको नाममा आएका टोलीले साविक बौका खेतीखोलाको सम्वन्धमा ज्ञापन पत्र बुझाउने क्रममा बार्तालापकै क्रममा कार्य कक्ष भित्रै अपशव्द समेत प्रयोग गरी उत्तेजित तरिकाले प्रस्तुत भए पछि नगर प्रमुखले टोलीलाई सम्वन्धित वडाका वडा अध्यक्षहरु सहित छलफल सोही दिन दिनको ३:०० बजेका लागि अनुरोध गरी कार्यकक्षबाट अन्य कार्यका लागि बाहिरदै गर्दा उक्त टोलीले नगर प्रमुखलाई पछयाई, तानी, ठेली, बाटो छेकी हुल हुज्जत गरी भौतिक आक्रमणसम्म गर्न सक्ने प्रयास गरिएको अवस्थामा उक्त भौतिक आक्रमणको प्रयासलाई नगर प्रहरीद्वारा रोक्न खोज्दा निज नगर प्रहरीहरुमाथि नै भौतिक आक्रमण भएको छ । जनताद्वारा निर्वाचित जन प्रतिनिधिहरुले नगर र नगरबासी प्रति इमान्दरीता पूर्वक सिमित श्रोत साधनका बाबजुत असिमित जन अपेक्षलाई सम्वोधन गर्ने कार्यमा क्रियाशिल भई रहेको अवस्थामा यस किसिमका घटनाले नगर र नगरबासीको विकास र समृद्धिको अपेक्षालाई पुरा गर्न कठिन हुने महसुस गरिएको छ ।

सार्वजनिक जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्ने र खोलाको प्राकृतिक वहावलाई अवरोध गर्ने गराउने र वर्षातमा हुने प्रकोपबाट सम्भावित धनजनको क्षतिबाट नगरबासीलाई सुरक्षित राख्ने कार्यको थालनी गर्दा व्यक्तिगत स्वार्थको आधारमा सार्वजनिक पद धारण गरेका व्यक्ति माथिको आक्रमण प्रयास नगर प्रमुखमाथि मात्र भएको नभई समग्र जनप्रतिनिधि, कानुनी शासन तथा राज्य व्यवस्थामाथिको आक्रमणको रुपमा लिदै यस उप महानगर पालिकाको मिति २०७५ बैशाख २६ गते बसेको नगर कार्यपालिकाको आकस्मिक बैठकको निर्णय अनुसार उक्त घटनाको घोर भर्त्सना प्रकट गर्दछौं । यस प्रकारको दुःखद घटना घटाउने र कानुन हातमा लिने प्रयास गर्ने दोषी उपर कडा कानुनी कारवाही गर्न सम्वन्धित निकायमा अनुरोध गर्दछौं ।

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाकाको कार्यालय
लक्ष्मी गौतम
उप-प्रमुख